# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ६) मुसिकोट,गुल्मी,असौज २५ गते,२०७९ साल(संख्याः५


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकामा उपभोक्ता समितिद्वारा खानेपानी महशुल संकलन गर्ने सम्वन्धी कार्यविधि-२०७९

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरकार्यपालिकाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकामा उपभोक्ता समितिद्वारा खानेपानी महशुल संकलन गर्ने सम्वन्धी कार्यविधि-२०७९

**प्रस्तावनाः**

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको अधिकार क्षेत्र प्रयोग गरी दिगो खानेपानी तथा सरसफाई कार्यक्रमलाई प्रभावकारी वनाउदै गरिवीको रेखामुनी रहेका तथा आर्थिक रुपले विपन्न नागरिक लाई खानेपानी पहुँच पुर्याउनका साथै एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी वनाउन तथा खानेपानी महशुल विलिङ तथा संकलन कार्यलाई सरल, पारदर्शी र जवाफदेही वनाउन  मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मुसिकोट नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नामः मुसिकोट नगरपालिकामा उपभोक्ता समितिद्वारा खानेपानी महशुल संकलन गर्ने सम्वन्धि कार्यविधि २०७९ रहेको छ ।

(२)यो कार्यविधि २०७९ साल आश्विन १ गतेदेखि मुसिकोट नगरपालिका भर लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

क)उपभोक्ता भन्नाले यस कार्यविधिको दफा ३ मा उल्लेखित खानेपानी उपभोग गर्ने प्राकृतिक व्यक्ति र प्रचलित कानून बमोजिम स्थापित कुनै पनि संघ-संस्था तथा कम्पनी समेतलाई सम्झनु पर्छ ।

ख) महशुल भन्नाले खानेपानी उपभोग गरेबापत उपभोक्ताले समिति/संस्थालाई प्रत्येक महिना तिर्नु वा बुझाउनु पर्ने खानेपानी

महशुल निर्धारण समितिले निर्धारण गरेको मासिक न्यूनतम शुल्क सम्झनु पर्छ ।

ग) मिटर भन्नाले खानेपानीको खपत मापन गर्न जडित यन्त्र सम्झनु पर्छ ।

घ) सामुदायिक भन्नाले कुनै समुदायको हितका लागि गठित उपभोक्ता समूह, सहकारी संस्था आदिलाई जनाउँछ ।

**३. उपभोक्ता**

(१)उपभोक्ता समिति भन्नाले मुसिकोट नगरपालिकाको उपभोक्ता समिति गठन सम्वन्धी कार्यविधि वमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्दछ । उपभोक्ता समिति मुसिकोट नगरपालिकाको संस्था दर्ता नियमावली २०७५ वमोजिम दर्ता भएको हुनु पर्दछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिको आफ्नो विधान हुनेछ ।

(२) देहायका व्यक्ति तथा संस्था समेत खानेपानी तथा सरसफाइ उपभोक्ता भित्र पर्दछन ।

क) साना पसल, व्यवसाय, धार्मिक वा सामाजिक संघ संस्था, हेल्थ क्लिनिक, शिक्षण संस्था,  कुखुरापालन, होटल, लज, रेष्टुरेन्ट व्यवसाय ।

ख) खनिज उत्खनन् उद्योग तथा निर्माण सामाग्री उत्पादन गर्ने उद्योग जस्तैः क्रसर, इटा सिमेन्ट, आइरन तथा स्टिल आदि र घरेलु तथा साना उद्योग कार्यालय⁄विकास समिति, उद्योग विभाग तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका अन्य उद्योगहरु ।

ग) बैंक तथा वित्तीय संस्था, दूरसञ्चार व्यवसायसँग सम्बन्धित सेवा प्रदान गर्ने कार्यालय,

घ) पूर्वाधार विकास निर्माणका लागि खानेपानी प्रयोग गर्ने उपभोक्ताहरु,

ङ) नाफा आर्जन गर्ने उद्देश्यका साथ स्थापना भएका नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वका संघ⁄संस्थाहरु,

च) नेपाल सरकारको सम्पूर्ण कार्यालयहरु,

मुसिकोट राजपत्र

छ) नगरपालिकामा दर्ता भएका जुनसुकै गैर व्यापारिक संध संस्थाहरु

ज) नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा सञ्चालित अन्य गैर व्यापारिक संस्थाहरु

झ) सामुदायिक उद्देश्यले सञ्चालित विद्यालय, विश्वविद्यालय, अस्पताल लगायत गैर नाफामूलक संस्थाहरु

ञ). कृषि प्रयोजनका लागि सिँचाई संयन्त्रहरुमा मिटर जडान गरी खानेपानी प्रयोग गर्ने उपभोक्ताहरु ।

ट) धार्मिक स्थलः(साविकको मन्दिर वर्ग) नेपालीले मान्ने गरेका मन्दिर आदिकै नाममा वा सार्वजनिक स्थलमा रहेका कुनै पनि धर्मको मठ, मन्दिर, गुम्बा, विहार, चर्च, मस्जिद, ध्यान केन्द्र, विद्युतीय शवदाह गृह आदिमा खानेपानी मिटर जडान हुने उपभोक्ताहरु ।

**परिच्छेद २**

**४. खानेपानी महशुल बिलिङ तथा सङ्कलन सम्बन्धी विधि**

क. खानेपानी उपभोक्ता समूह/संस्थाले आफ्नो सेवा प्रवाह क्ष्ेात्र भित्र रहेका उपभोक्ताको लगत अनूसूची १ वमोजिमको ढाँचामा राख्नु पर्नेछ।

ख. संस्थाले उपभोक्तावाट लिने शुल्क खानेपानी प्रवाहको स्थिति (ग्राभिटि वा लिफ्टिङ) हेरी खानेपानी महशुल निर्धारण निर्धारण गर्नेछ।

ग. खानेपानी महशुलको मिटर रिडिङ कार्यलाई व्यवस्थित वनाउन १ जना मिटर रिडर नियुक्त गरि समिति भित्रका उपभोक्ताहरुको मिटर रिडिङ कार्य गर्नु पर्ने छ। मिटर रिडिङ गर्ने दिन समूह समितिले निर्धारण गरे वमोजिम मासिक रुपमा हुनेछ ।

घ. मिटर रिडरको अभिलेख वमोजिम उपभोक्ता समितिले उपभोक्ता वाट शुल्क लिइ रसिद उपलव्ध गराउने छ । रसिदको नमुना अनूसूची ३ मा उल्लेख भए वमोजिम हुनेछ ।

खानेपानी महशुल विलिङ तथा सङ्कलन गर्दा नगद वा वैकिङ प्रणाली अवलम्वन गर्न सकिने छ ।

ङ. उपभोक्तालाई विलिङ गर्दा कुनै कारणवश छुट हुन गएमा सो को जानकारी भएपश्चात् जुनसुकै समयमा पनि छुटेको खपत बापत छुट्टै विलिङ गरिनेछ । यसरी विलिङ गरिएकोमा उपभोक्ताले जानकारी प्राप्त गरेको मितिले १५ दिनभित्र विलिङ गरिएको रकम बुझाउनु पर्नेछ।

च. कुनै पनि उपभोक्ताले कुनै एक प्रयोजन (खानेपानी)का लागि मिटर लिई अन्य प्रयोजन (सिंचाइ) का लागि खानेपानी उपयोग गर्न पाउने छैन ।

**परिच्छेद-३**

**५. खानेपानी महशुल निर्धारण समिति गठनः**

(१) संस्थाले उपभोक्तावाट लिने शुल्क निर्धारण गर्न वडास्तरमा एक वडास्तरिय खानेपानी महशुल निर्धारण समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् ।

(क) सम्वन्धित वडाको वडाअध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि - संयोजक

(ख) प्राविधिक शाखा⁄ खानेपानी तथा सरसफाइ शाखाको कर्मचारी - सदस्य

(ग) सम्वन्धित वडाको वडाको वडा सचिव -सदस्य

**६.महशुलमा छुटः**खानेपानी महशुल भुक्तानी गर्दा उपभोक्ताले पाउने छुट तथा सुविधा सम्बन्धी व्यवस्थाःखानेपानी महशुल भुक्तानी गर्दा नगरपालिकाले वा उपभोक्ता समितिले उपभोक्तालाई निश्चित प्रतिशत छुट भनि व्यवस्था गरेकोमा सोही वमोजिमको रकम छुट गरी उपभोक्ता समितिले उपभोक्तावाट उठाउने छ र नगरपालिकावाट छुट⁄सहुलियत गरेको रकम प्राप्त गर्नको लागि समितिले नगरपालिकाको नाममा रसिद उपलव्ध गराउने छ । सो प्रयोजनको लागि वडा कार्यालयले अनूसूची २ वमोजिमको फाराम भरी भुक्तानीको लागि सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद–४

**७.लेखा तथा लेखा परिक्षण सम्वन्धमाः** वार्षिक कारोवारको लेखा चुस्त दुरुस्त राख्ने, नियमित वैठक आह्वान गर्ने, सामाजिक लेखापरिक्षण गर्ने जिम्मेवारी सम्वन्धित उपभोक्ता समितिको हुनेछ । तोकिएको ढाँचामा लेखा नराख्ने उपभोक्ता समितिलाई वडा कार्यालयको सिफारिसमा नगरपालिकाले आवश्यक कारवाही अगाडि वढाउनेछ ।

**८.मर्मत संभार कोषको व्यवस्थाः** उपभोक्ता समितिले खानेपानी योजनाको नियमित मर्मत संभारको लागि संकलित महशुलवाट मर्मत संभार कोषमा जम्मा गर्न सक्नेछ । प्राकृतिक विपतको कारण संरचनामा ठूलो क्षती भई समितिको मर्मत संभार कोषको रकमले नपुग्ने देखिएमा प्राविधिक स्टिमेट गराई सम्वन्धित निकायमा समन्वय गरी मर्मत संभार प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

परिच्छेद-४

**९. खानेपानी लाइन काट्ने सम्बन्धी व्यवस्थाः** मिटर रिडिङ गरेको ६० औं दिनसम्म खानेपानी महशुल नबुझाएमा विना सूचना जनुसुकै समयमा पनि उपभोक्ता समितिले खानेपानी लाइन काट्न सक्नेछ ।

**१०.बाधा अडकाउ फुकाउने सम्बन्धीः** यस कार्यविधिमा लेखिएको कुनै कुरा कार्यान्वयन गर्न बाधा अड्चन आई परेमा कार्यविधिको मर्मको विपरीत नहुने गरी कार्यपालिकाले त्यस्तो बाधा अड्चन फुकाई आवश्यक निर्णय एवं आदेश जारी गर्न सक्नेछ ।

**११. व्याख्या/संशोधन गर्ने अधिकारः** यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या तथा संशोधन गर्ने अधिकार नगरकार्यपालिकालाई मात्र हुनेछ ।

**१२. खारेजी र बचाउः** यो कार्यविधिका कुनै दफा उपदफा वा खण्ड प्रचलित संघिय तथा प्रादेशिक कानुनसँग वाझिएको खण्डमा स्वतः खारेज हुनेछन भने कार्यविधि प्रारम्भ हुनु भन्दा अघिका कानुन वमोजिम गरिएका काम कारवाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

मुसिकोट राजपत्र

मुसिकोट राजपत्र

# अनूसूची १

.................................................. खानेपानी तथा सरसफाई योजना

मुसिकोट नगरपालिका ......................... गुल्मी

उपभोक्ता तथा खानेपानी खपत विवरण (उपभोक्ता समितिले भर्ने)

| क्र. सं. | मिटर जडान भएको संस्था/उपभोक्ता/धर मुलीको नाम | टोल | महिना : .............. | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | हाल को मिटर अंक | अघिल लो मिटर अंक | फरक | दर | लाग्ने शुल्क | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | जम्मा रकम | | | | | | |

उल्लेखित विवरण सही छ भनि प्रमाणित गर्ने

खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अध्यक्षको

नाम

हस्ताक्षर

मितिः

अनूसूची २

मुसिकोट नगरपालिका

""। नं वडा कार्यालय, ।।।।।।।।।।। गुल्मी

उपभोक्ता समितिले उठाएको महशुलको विवरण

| अवधि २० ........... देखि ..................... गते सम्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रं स. | उपभोक्ता समितिको नाम | टोल | रसिद नं | | कूल रकम | उपभोक्तावाट उठाएको रकम | नगरपालिका वाट उपलब्ध गराउने रकम | कैफियत |
| | | | देखि | सम्म | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विवरण पेश गर्ने

नाम

पद

हस्ताक्षर

मिति

अनुसूची ३

मुसिकोट राजपत्र

............................... खानेपानी तथा सरसफाई योजना उ.स.

मुसिकोट न.पा. .................................. गुल्मी

पान नं.

मिति .......................

र. नं. मिटर रिडिङ विल

ग्राहकको नाम थर : ....................................................................टोल ............................................

............................... साल, .............................. महिना

| | हालको मिटर अंक | अघिल्लो मिटर अंक | फरक | न्यून तम मिटर अंक | मध्यम मिटर अंक | अधिकतम मिटर अंक | विविध शूल्क | जम्मा विल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| युनिट अंक | | | | | | | | | |
| शूल्क रु. | | | | | | | | | |
| | | | | | | | पुरानो वाँकी रु | | |
| | | | | | | | जम्मा रु. | | |
| अक्षेरुपी :........................................................................................................................................................ | | | | | | | | | |

मुसिकोट राजपत्र

............
............
..

..........................

ग्राहकको हस्ताक्षर मिटर रिडरको हस्ताक्षर

................................ खानेपानी तथा सरसफाई योजना उ.स.

मुसिकोट न.पा ............................ गुल्मी

पान नं.

मिति
..................
......

र. नं. मिटर रिडिङ विल

ग्राहकको नाम थर : ..................................................................... ग्राहक प्रति

.............................. साल, .............................. महिना

| | हालको मिटर अंक | अघिल्लो मिटर अंक | फरक | न्यूनतम मिटर अंक | मध्यम मिटर अंक | अधिकतम मिटर अंक | विविध शुल्क | जम्मा विल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| युनिट अंक | | | | | | | | | |
| शूल्क रु. | | | | | | | | | |
| | | | | | | | पुरानो | | |

मुसिकोट राजपत्र

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वाँकी रु | | |
| | | | | | | | जम्मा रु. | | |
| अक्षेरुपी :.................................................................. .................................................................. ........................... | | | | | | | | | |

महशुल वुझाउने समय : प्रत्येक महिनाको १ गते

तोकीएको समयमा शुल्क नवुझाएमा प्रति महिना १० प्रतिशत अतिरिक्त शुल्क लागनेछ।९० औं दिन सम्म रकम नवुझाएमा जुनसुकै समयमा पनि पानीको लाईन काट्न सकिने छ।

...........................
मिटर रिडरको
हस्ताक्षर

प्रमाणिकरण मिति
२०७९।६।२०

आज्ञाले,
विनोद कुँवर
प्रमुख प्रशासकीय अधिकृत

मुल्य रु २०

मुसिकोट राजपत्र